तामाकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

# तामाकोशी गाउँ कार्यपालिका

## बैठक नं. ४५

तामाकोशी गाउँपालिकाका अध्यक्ष श्री प्रोणप्रताप के.सी.को अध्यक्षतामा गाउँ कार्यपालिकाका सदस्य लगायत तपसिलको उपस्थितिमा मिति २०८१ पौष २४ गते बुधबार......बैठक बसी देहाय बमोजिम निर्णयहरु गरियो ।

उपस्थितिः

अध्यक्ष श्री प्रोणप्रताप के.सी.

उपाध्यक्ष श्री सृजना खड्का सुवेदी

सदस्य (वडाध्यक्ष वडा नं. १) श्री बसन्त बहादुर थापा क्षेत्री

सदस्य (वडाध्यक्ष वडा नं. २) श्री ईश्वर राज कार्की

सदस्य (वडाध्यक्ष वडा नं. ३) श्री रामप्रसाद काफ्ले

सदस्य (वडाध्यक्ष वडा नं. ४) श्री नारायण खड्का

सदस्य (वडाध्यक्ष वडा नं. ५) श्री शम्भु प्रसाद फुयाल

सदस्य (वडाध्यक्ष वडा नं. ६) श्री कृष्ण प्रसाद फुयाल

सदस्य (वडाध्यक्ष वडा नं. ७) श्री खुस बहादुर सुनुवार

सदस्य श्री रिता पोखरेल

सदस्य श्री सुनिता विश्वकर्मा

सदस्य श्री ईन्दिरा कार्की

सदस्य श्री संगिता बि.क.

सदस्य श्री नरध्वज सुनुवार

सदस्य श्री सुमन मिजार

नि.प्र.प्र.अधिकृत विमल प्रसाद निरौला

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**प्रस्तावहरू:**

१. गाउँसभा सञ्चालन गर्ने सम्बन्धमा ।

२. गृहिणी महिला सशक्तिकरण कार्यक्रममा साझेदारी सम्बन्धमा ।

३. प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्बन्धमा ।

**तामाकोशी गाउँ कार्यपालिकाको मिति २०८१ पुष २४ गते बुधवार बसेको बैठकबाट सर्वसम्मतिले देहाय बमोजिम गर्ने निर्णय गरियो ।**

**निर्णय नं. १**

यस तामाकोशी गाउँपालिकाको दोस्रो गाउँसभाको छैठौं अधिवेशन यही मिति २०८१ साल पुष २९ गते गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश सरकारद्वारा सञ्चालन हुने गृहिणी महिला सशक्तिकरण कार्यक्रम सञ्चालनका लागि पेश भएको प्रस्ताव बमोजिम छनौट भई मन्त्रालयबाट स्वीकृत भएको रकमको ५०% बराबरको रकम साझेदारी गरी कार्यक्रम सञ्चालनका लागि सम्झौता गर्न सम्बन्धित शाखालाई निर्देशन दिने ।

**निर्णय नं. ३**

२०८१।०७।०९ गतेदेखि प्रमुख प्रशासकीय अधिकृत पद रिक्त भई अख्तियारि प्राप्त दैनिक कामकाजहरु सञ्चालन गर्न नसकिएको र हालसम्म सम्बन्धित मन्त्रालयबाट प्रमुख प्रशासकीय अधिकृत कार्यालयमा हाजिर हुन नपठाएको हुदा अनिवार्य सञ्चालन गर्नुपर्ने हिउँदे अधिवेशन हुन नसक्ने अवस्था समेत भएकोले यस कार्यालयमा कार्यरत शिक्षा अधिकृत (अधिकृतस्तर आठौं) श्री विमल प्रसाद निरौलालाई आर्थिक अधिकारसहितको प्रमुख प्रशासकीय अधिकृत तोकिदिनुहुनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

तामाकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

नि. प्रमुख प्रशासकीय अधिकृत